आज मिति २०८१ भाद्र महिनाको ३१ गते सोमवारका दिन यस रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष श्री रुक्माङ्गत भट्टराईको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरू गरियो ।

| क.स. | नामथर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रुक्माङ्गत भट्टराई | अध्यक्ष | | |
| २ | श्री युवराज थापा | उपाध्यक्ष | | |
| ३ | श्री देवेन्द्र पुन | प्रवक्ता/७ नं वडा अध्यक्ष | | |
| ४ | श्री सोम बहादुर दर्लामी | १ नं वडा अध्यक्ष | | |
| ५ | श्री दान बहादुर पौडेल | २ नं वडा अध्यक्ष | | |
| ६ | श्री प्रदिप पौडेल | ३ नं वडा अध्यक्ष | | |
| ७ | श्री गोविन्द बहादुर रायमाझी | ४ नं वडा अध्यक्ष | | |
| ८ | श्री हुमान सिंह कार्की | ५ नं वडा अध्यक्ष | | |
| ९ | श्री दोम बहादुर घर्ती | ६ नं वडा अध्यक्ष | | |
| १० | श्री रेम बहादुर राना | ८ नं वडा अध्यक्ष | | |
| ११ | श्री लक्ष्मण हिताङ्ग | कार्यपालिका सदस्य | | |
| १२ | श्री महेश बराल | कार्यपालिका सदस्य | | |
| १३ | श्री सुकमाया वि.क. | कार्यपालिका सदस्य | | |
| १४ | श्री गीता राना | कार्यपालिका सदस्य | | |
| १५ | श्री लक्ष्मी कुमाल | कार्यपालिका सदस्य | | |
| १६ | श्री कविता खनाल | कार्यपालिका सदस्य | | |
| १७ | श्री कृष्ण प्रसाद तिमिल्सिना | सचिव/प्र.प्र.अ. | | |

आमन्त्रित सदस्यहरू:

| | | | | |
|---|---|---|---|---|
| १ | इ. श्री किशोरखनाल | इन्जिनियर | | |
| २ | श्री हरि प्रसाद पराजुली | राजस्व शाखा प्रमुख | | |
| ३ | श्री सिर्जना थापा | कृषि शाखा प्रमुख | | |
| ४ | श्री धिरोजु मगर | पशु सेवा प्रमुख | | |

प्रस्तावहरू:

CamScanner

१. योजना सम्झौता, घुम्ती शिविर सम्बन्धमा ।

२. जि टु जि कार्यक्रम सम्बन्धमा ।

३. दशैं बाटो सोरसार सम्बन्धमा ।

४. बजार अनुगमन सम्बन्धमा ।

५. महिला उद्यमशीलता तथा सहजीकरण केन्द्र सम्बन्धमा ।

६. पालिकामा आउने बाटो सम्बन्धी निवेदन सम्बन्धमा ।

७. विज्ञापन सम्बन्धमा ।

८. विविध

निर्णयहरू:

निर्णय नं १: प्रस्ताव नं १ माथि बैठकमा छलफल गर्दा भूगोल अप्ठ्यारो भएका कारणले पालिकाबाट सेवाग्राहीहरूलाई दिइने सुविधा योजना सम्झौता, प्राइभेट फर्म दर्ता लगायतका सेवा सुविधा वडास्तरमा गएर दिने पालिकाको नीति अनुसार इष्टिमेट भएका योजना सम्झौता लगायतका कार्य घुम्ती शिविर मार्फत गर्ने, सो सञ्चालन गर्दा वडा नं ३ मा आश्विन ८ गते गर्ने र अन्य वडाहरूमा दशैं पछि तिहार अगाडी सञ्चालन गर्ने र इष्टिमेट भइसकेका योजना सेवाग्राही आफ्नो खुसीराजी आएमा पनि सम्झौता गरिदिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २: यस गा.पा.मा पशु र कृषि क्षेत्रलाई लक्षित गरी यु.एस.एड एग्रीकल्चर डाइरेकट फाइनान्सिङ प्रोजेक्ट शीर्षकमा सङ्घीय सरकारबाट सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रम सञ्चालन कार्यविधि – २०८१ प्राप्त भएकोमा बैठकमा जानकारी लिइयो । साथै सो कार्यक्रम सञ्चालनका क्रममा सङ्घीय सरकारबाट सशर्त वित्तीय हस्तान्तरण सञ्चालन कार्यविधिमा उल्लेख नभएका शीर्षकहरूलाई कार्यविधि बनाई सञ्चालन गर्न भनी जानकारी प्राप्त भए अनुरूप रैनादेवी छहरा गाउँपालिकाद्वारा कार्यविधि बनाई अब बस्ने कार्यपालिका बैठकमा दफावार छलफल गरी कार्यान्वयन गर्ने निर्णय भयो । साथै अन्तरक्रिया कार्यक्रम शिघ्र गर्ने र सो कार्यक्रम सञ्चालनका लागि कर्मचारीको हकमा एग्रीकल्चर एण्ड भेटेरिनरी एक्सपर्ट (विज्ञ) पद १ (६ महिनाका लागि रु.४,५०,०००/-) र आठ जना कृषि - भेटेरिनरी फिल्ड टेक्निसियन पद ८ जना ६ महिनाको लागि रु. १६,८०,०००/- बजेट विनियोजन भएकोले बाँकी अवधिको लागि पालिकाबाटै भुक्तानी दिने गरी कृषि विज्ञको लागि करार सेवामा विज्ञापन गरी प्रतिस्पार्धाको विधिद्वारा छनौट गर्ने र बाँकीको हकमा आवश्यकताको आधारमा ज्यालादारीमा राख्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ३: दशैं सोरसार शीर्षकमा विनियोजित वडाबाट सिफारिस भई आए बमोजिम खरिद विधि प्रयोग गरी दशैं बाटो सोरसार अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ४: यस पालिकाको बजार अनुगमन निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम बजार अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं ५: प्रस्ताव नं ५ मा बैठकमा छलफल गर्दा महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि २०७७ को दफा ७(१) बमोजिम देहाय बमोजिमको महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) गा.पा. उपाध्यक्ष श्री युवराज थापा – अध्यक्ष

ख) स्थानीय तहको निर्वाचित महिला सदस्यमध्ये समितिले तोकेको एकजना महिला सदस्य श्री लक्ष्मी कुमाल – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद तिमिल्सिना – सदस्य

घ) प्रमुख, कृषि तथा पशु विकास शाखा – सदस्य

ङ) अध्यक्ष, स्थानीय तहमा महिला विकास कार्यक्रमबाट प्रवर्धित महिला सहकारी संस्थाबाट समितिले मनोनित गरेको १ जना – सदस्य

च) कार्यान्वयन समितिबाट मनोनित प्रमुख वा ऋण अधिकृत स्थानीय तहमा भएको बैंक वा वित्तीय संस्थाबाट – सदस्य

छ) पालिका भित्र महिला हक अधिकार, विकास र सामाजिक क्षेत्रमा क्रियाशिल समितिको संयोजकले मनोनित गरेको १ जना महिला – सदस्य

ज) प्रमुख, उद्योग तथा लघु उद्यमसँग सम्बन्धित शाखा – सदस्य

झ) प्रमुख, महिला तथा बालबालिका शाखा – सदस्य

निर्णय नं ६: प्रस्ताव नं ६ का सन्दर्भमा रैनादेवी छहरा गाउँपालिका वडा नं ४ निवासी अरूणा श्रेष्ठले एक ठाउँबाट दिएको जग्गा अर्कोबाट निकास भएको भनी निवेदन दिएको सम्बन्धमा छलफल गर्दा नापी कार्यालय, पाल्पाबाट अमिन मगाई नापजाँच गर्ने र सोही अनुसार निर्णयमा पुग्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ७: प्रस्ताव नं ७ माथि मौजुदा पदपूर्ति समितिले निर्णय गरी गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

विविध:

क) डाँडागाँउ खानेपानी योजनालाई बिजुली मोटरको समस्या परेको भनी वडाबाट सिफारिस भई आए बमोजिम प्राविधिक इष्टिमेटको आधारमा विपद् व्यवस्थापन शीर्षकबाट गरिदिने निर्णय गरियो ।

ख) बाल विनोद आ.वि. बल्घाको ट्रस र जस्तापातामा क्षति पुऱ्याएको भनी सिफारिस भई आए बमोजिम प्राविधिक इष्टिमेटको आधारमा विपद् व्यवस्थापन शीर्षकबाट गरिदिने निर्णय गरियो ।

ग) नेवार समुदायको लाखे नाँचलाई आर्थिक सहायता पाउँ भनी माग भई आएकोमा जनजाती लक्षित समूहमा विनियोजित बजेटबाट प्रस्ताव तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ) आ.व. २०८१/८२ मा विनियोजित खुल्ला ब्यायामशाला निर्माण वडा नं ४ धजाबान्नेमा गर्ने निर्णय गरियो ।

CS CamScanner

(४)

ङ) सङ्घीय बजेट क्रम सङ्ख्या २४७ मा उल्लेख भएको झिरवास-लसुने-खुसनि खा.पा. आयोजना रैनादेवी छहरा गा.पा. २ पाल्पा भएकोमा वडा नं ८ मा सो स्थान रहेकोले झिरवास लसुने खुसनि खा.पा. आयोजना रैनादेवी छहरा गा.पा. ८ पाल्पा भनी संशोधन गरिदिनका लागि सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, काठमाडौँमा अनुरोध गर्ने निर्णय गरियो।

च) प्रदेश सरकारबाट विनियोजित ब.सि.नं. ८०१०५३२९ क्रमसङ्ख्या ३०५.१.४.३.४२ महेन्द्र आ.वि. पूर्वाधार विकास निर्माणमा महेन्द्र आ.वि. पूर्वाधार विकासको ठाउँमा मच्छेन्द्रदेवी आ.वि. पूर्वाधार विकास निर्माण भनी संशोधन गरिदिनका लागि प्रदेश सरकार आर्थिक विकास मन्त्रालयमा संशोधनको लागि अनुरोध गर्ने निर्णय गरियो।

छ) सुशासन आवाज र बुटवल टाइम्सले जनहीतमा जारी सन्देश प्रकाशित गरे बापत निवेदन पेश गरे अनुरुप रु.७,०००/- र रु.१०,०००/- मात्र उपलब्ध गराउने निर्णय गरियो। रु.५,०००/- सम्मको आर्थिक सहायता अध्यक्षज्यूबाट तोक आदेशको आधारमा उपलब्ध गराउने कार्यपालिका बैठकबाट अनुमोदन गर्ने समेत निर्णय गरियो।

ज) मुझुङ्ग स्वास्थ्य चौकीको भवन निर्माणको लागि वडा कार्यालयले जग्गा उपलब्ध गराउन सूचना आह्वान गरेअनुरूप सो स्थान निवासी श्री विनोद कार्कीले हाल रैनादेवी छहरा – ५ कि.नं. ३२५ र ६७ जग्गा क्षेत्रफल १०-१५-२-२ को जग्गाबाट उत्तर तर्फ २-०-०-० क्षेत्रफल जग्गा उपलब्ध गराउने मञ्जुरीनामा भएकोले सो जग्गा गाउँपालिकाले लिने निर्णय गरियो।

झ) कवाडी ठेक्का सम्बन्धमा: चालु आर्थिक वर्षको लागि गाउँपालिकाको कवाड सङ्कलन तथा व्यवस्थापनको सम्बन्धमा ठेक्का आह्वानका लागि न्यूनतम मूल्याङ्कन सम्बन्धमा राजस्व परामर्श समितिलाई जिम्मा दिने र सिफारिसको आधारमा कार्यपालिकामा छलफल गरी अगाडी बढाउने निर्णय गरियो।

विविध शीर्षकमा अन्य विषय नरहेकोले उपस्थित सबैलाई धन्यवाद दिँदै अध्यक्षज्यूबाट बैठक समापन गर्नुभयो।